मिति २०८२ चैत्र १८ गतेको ७२ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्रको जानकारी सम्बन्धमा ।

प्रस्ताव नं. ३ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ४ : फट्केश्वर एक्लेबेसी टोल विकास संस्थाको फोहरमैला व्यवस्थापन गुनासो सम्बन्धमा ।

प्रस्ताव नं. ५ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : नगर विकास कोषमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ : क्षेत्रीय समीक्षा तथा बाढी पूर्वानुमान सम्बन्धी क्षमता अभिवृद्धि तालिममा सहभागिता लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : अध्ययनका लागि स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९: कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धमा ।

प्रस्ताव नं. १० : सम्मानित उच्च अदालत पाटनको फैसला कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ११ : १ नं. वडा कार्यालयको प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं. १२ : नगर प्रमुख रनिङ शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा ।

प्रस्ताव नं. १३ : नयाँ सडक ट्रयाक निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १४ : स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को अङ्क पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : हाट बजार संचालनका लागि विवरण उपलब्ध गराउने सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं. ७२.१** : नगर कार्यपालिकाको मिति २०८२/१२/०४ गतेको ७१ औं बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२.२** : विभिन्न कार्यालयबाट प्राप्त भएका तपसिल बमोजिमका पत्रहरुको सम्बन्धमा यस बैठकमा छलफल भई सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई जानकारी गराइयो ।

तपसिल

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको च.नं. ४१६२२ मिति २०८२/१२/०५ को पत्र एवं संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २२६ मिति २०८२/१२/१० को पत्रबाट "स्थानीय तहबाट हुने नदी/खोलाजन्य निर्माण सामग्री उत्खनन्, संकलन, घाटगद्दी एवं बिक्री मूल्य कर संकलन कार्यको लागि हुने आय ठेक्काहरुमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा उल्लिखित क्षेत्रहरु भन्दा फरक स्थानबाट उत्खनन् हुने तथा स्वीकृत परिमाणभन्दा बढी परिमाणमा उत्खनन् हुने गरेको देखिंदा वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को पूर्णरुपमा परिपालना गर्न र अब आइन्दा यसरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन विपरित उत्खनन् गरिएको पाइएमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३५ बमोजिम हुने कारवाही गर्न गराउन" भनि लेखि आएको हुँदा उक्त पत्र यस कार्यपालिका बैठकमा जानकारी गराइयो र सोही बमोजिम कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्नुका साथै यस सम्बन्धमा सम्बन्धित क्रसर उद्योग एवं व्यवसायीहरुलाई पत्राचार गर्ने ।

**निर्णय नं. ७२.३** : मेलम्ची नगरपालिकाबाट आ.व. २०८२/०८३ को श्रावण १ देखि हालसम्मको आम्दानी तर्फ ६१.६८ प्रतिशत, चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ४५.२० प्रतिशत र पूँजीगत तर्फ १६.८४ प्रतिशत गरी समग्रमा ३१.५८ प्रतिशत भएको व्यहोरा यस कार्यपालिका बैठकमा जानकारी गराइयो ।

**निर्णय नं. ७२.४** : मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फट्केश्वर एक्लेबेसी टोल विकास संस्थाले १३ नं. वडा कार्यालयको च.नं. ८५० मिति २०८२/१२/१७ को सिफारिस सहित क्रसर उद्योग संचालन, सडक सरसफाई, फोहोरमैला व्यवस्थापन लगायतका विषयमा यस कार्यालयमा गुनासो सम्बोधनका लागि निवेदन पेश गरेको र उक्त गुनासो सम्बोधनको विषयमा कार्यपालिका बैठकमा छलफल भई देहाय बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल

१. मेलम्ची नगरपालिका क्षेत्रका क्रसर उद्योगहरु ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ मा भएको कानूनी व्यवस्थाको पालना गरी विहान सूर्योदय देखि बेलुका सूर्यस्तसम्म संचालन गर्नका लागि पत्राचार गर्ने ।

२. क्रसर उद्योगबाट ढुङ्गा, गिटी, बालुवा लगायतको नदीजन्य पदार्थ ढुवानी गर्दा अभरलोड नहुने गरी ढुवानी गर्ने/गराउने व्यवस्थाको सम्बन्धित क्रसर उद्योगहरुलाई पत्राचार गर्ने ।

३. मेलम्ची नगरपालिका वडा नं. १२ र १३ मा भएको फोहोरमैला व्यवस्थापनको लागि हप्ताको १ दिन फोहरमैला संकलनको लागि गाडी पठाउने र उक्त फोहोरमैलाको व्यवस्थापन गर्ने स्थान सम्बन्धित वडा कार्यालयले मिलाउने ।

४. मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम मेलम्ची नगरपालिका वडा नं. ११ लगायतका अन्य वडाको फोहोरमैला व्यवस्थापन शुल्क बापत लाग्ने राजस्व संकलन गर्नको लागि सम्बन्धित वडा कार्यालयलाई निर्देशन गर्ने ।

**निर्णय नं. ७२.५** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख उमा प्रधानज्यूको संयोजकत्वमा गठित योजना अनुगमन तथा सुपरीवेक्षण समितिबाट देहाय बमोजिमका योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा उक्त योजनाहरुको सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२.६** : नगर विकास कोषको च.नं. १३६२ मिति २०८२/१२/१० को पत्रबाट आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि यस नगरपालिकामा गरिने प्राविधिक तथा आर्थिक सहयोगका लागि आयोजनाहरुको पहिचान तथा प्राथमिकीकरण गर्न आवश्यक भएकोले नगरपालिकाको आवधिक योजनामा समावेश भएका आयोजनाहरु, पूर्व-संभाव्यता/संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्नुपर्ने आयोजनाहरु, साथै अध्ययनका क्रममा रहेका वा सम्पन्न भई कोषको लगानी आवश्यक रहेका योजनाहरुको विवरण संकलन गर्नुपर्ने हुँदा आवेदन फारम अनुसार आवश्यक विवरण उपलब्ध गराइदिनका लागि लेखि आएको हुँदा उक्त पत्र र आवेदनको विषयमा यस कार्यपालिका बैठकमा छलफल गरियो । मिति २०७८ साल असार १ गते मेलम्ची नदीमा आएको भिषण बढीबाट यस नगरपालिकाको नवनिर्मित फोहोरमैला व्यवस्थापन केन्द्र पूर्ण रुपमा क्षति भई हालसम्म पनि निर्माण हुन नसकेको हुँदा मेलम्ची नगरपालिकाको उपयुक्त स्थानमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण र कृषकहरुले उत्पादन गरेका उत्पादनको भण्डारण, संकलन एवं चिस्यानका लागि कोल्डस्टोर निर्माण गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२.७** : Regional Integrated Multi-Hazard Early Warning System (RIMES) संस्थाको आयोजनामा Strengthening Last Mile Communication (SLMC) कार्यक्रम अन्तर्गत मिति २०८३ जेष्ठ २५ देखि २०८३ जेष्ठ २८ गतेसम्म थाइल्याण्डमा संचालन हुने SLMC कार्यक्रमको क्षेत्रीय समीक्षा तथा लागत प्रभावकारी बाढी पूर्वानूमान विधिहरुको व्यवहारिक क्षमता अभिवृद्धि तालिममा मेलम्ची नगरपालिकाको विपद् फोकल पर्सनको रुपमा कार्यरत वातावरण निरीक्षक श्री सबुना गमाललाई सहभागीताका लागि पठाउन मनोनयनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२.८** : मेलम्ची नगरपालिका अन्तर्गत सब-ईन्जिनियर पदमा कार्यरत लक्ष्मी लामिछाने र दिपक के.सी.ले पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतको हिमालयन इन्सिटिच्युट अफ साइन्स एण्ड टेक्नोलोजी इन्जिनियरिङ कलेजमा Bachelor in Civil Engineering विषयमा कार्यालयको दैनिक कामकाजमा बाधा नपर्ने गरि अध्ययनका लागि स्वीकृति माग गर्नु भएको हुँदा निजहरुलाई कार्यालय समय बाहेकको विहान बेलुकाको समयमा अध्ययनका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२.९** : बागमती प्रदेश सरकारबाट मेलम्ची नगरपालिका वडा नं. १ मा कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालनका लागि आ.व. २०८२/०८३ मा रु. ४० लाख बजेट प्राप्त भएको र उक्त बजेट कार्यान्वनयका लागि स्थनीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ८ मा भएको कानूनी व्यवस्था बमोजिम कूल लागतको ८० प्रतिशत रकम बागमती प्रदेश सरकारको सशर्त अनुदान र २० प्रतिशत रकम सम्बन्धित संस्था/फर्मको लागत साझेदारीमा देहाय बमोजिमको कार्यक्रम संचालन गर्नको लागि १ नं. वडा कार्यालयको च.नं. ८५० मिति २०८२/१०/२८, च.नं. ८५१ मिति २०८२/१०/२८ को पत्रबाट कार्यक्रम सम्झौताको लागि सिफारिस भई आएको र आर्थिक विकास समितिको मिति २०८२/११/२८ मा उक्त कार्यक्रम संचालन गर्ने निर्णय भएको हुँदा सम्बन्धित वडा कार्यालयको सिफारिस, आर्थिक विकास समितिको निर्णय अनुसार लागत साझेदारीमा उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साझेदार संस्थाको विवरण | कार्य विवरण | अनुदान रकम रु. (८० %) | लागत साझेदारी रकम रु. (२० %) | कूल लागत रु. |
|---|---|---|---|---|---|
| १ | श्री सिन्धु कृषि सुधार बहुउद्दश्यीय सहकारी संस्था लि., मेलम्ची न.पा. १ | कृषि सूचना केन्द्र अधुरो भवन निर्माण र स्वागत गेट निर्माण | १५ लाख | ३ लाख | १८ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सिन्धु मल्टिपर्पोज कम्पनी प्रा.लि., मेलम्ची न.पा. १ | मेलम्ची नगरपाला वडा नं. १ मा रहेको फर्म भित्र सिंढी, रेलिङ र गेट निर्माण | २५ लाख | ५ लाख | ३० लाख |

**निर्णय नं. ७२.१०** : सिन्धुपाल्चोक जिल्ला साविक शिखरपुर गा.वि.स. वडा नं. ४ हाल ऐ. मेलम्ची नगरपालिका वडा नं. १० स्थायी ठेगाना भई मेलम्ची नगरपालिकामा सहायकस्तर पाँचौं तहमा करार सेवामा कार्यरत राजेन्द्र दुलालले मेलम्ची नगरपालिकाको कार्यालय र मेलम्ची नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी बनाई उच्च अदालत पाटन, ललितपुरमा दायर गरेको उत्प्रेषण रिट निवेदनका सम्बन्धमा सम्मानित उच्च अदालत, पाटनबाट मिति २०८२/१०/०७ मा फैसला भई उच्च सरकारी वकील कार्यालय, हरिहरभवन, ललितपुरको च.नं. ६७४७ मिति २०८२/१२/१५ गतेको पत्र मार्फत फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त भएकोमा सम्मानित उच्च अदालतको फैसलाको अध्ययन गरी उक्त फैसला कार्यान्वयन सम्बन्धी कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७२.११** : मेलम्ची नगरपालिका अन्तर्गत १ नं. वडा कार्यालयको च.नं. ९८४ मिति २०८२/१२/१६ गतेको पत्रबाट प्राप्त भएको देहाय बमोजिमको प्रस्तावको सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल

१. विगतमा भएको वर्षाको कारण भौटेचौर प्रहरी चौकी भवनको पछाडि तर्फको भागमा पहिरो आई प्रहरी चौकी भवन असुरक्षित रहेको र बजेट अभावको कारण पहिरो संरक्षण हुन नसकेको सन्दर्भमा मेलम्ची नगरपालिकाका प्राविधिकबाट प्रहरी चौकी भवनको निरिक्षण एवं अध्ययन गर्ने ।

२. मेलम्ची नगरपालिका १ नं. वडा कार्यालयको विभिन्न भागमा पानी चुहिएको र शौचालयको धाराहरु समेत बिग्रिएकोले कार्यालय र शौचालयका धाराहरुको मर्मत संभारका लागि प्राविधिकबाट निरिक्षण एवं अध्ययन गर्ने ।

३. मेलम्ची नगरपालिका वडा नं. १ स्थित भोटेचौर स्वास्थ्य चौकी डाँडागाउँमा रहेका पुराना जस्तापाता, फलाम लगायतका अन्य जिन्सी सामग्रीको लिलाम बिक्री प्रक्रियाका लागि कार्यालयलाई निर्देशन गर्ने ।

**निर्णय नं. ७२.१२** : खेलकुद प्रवर्द्धन र विकासका लागि नगर खेलकुद विकास समितिले निर्धारण गरेको समय तालिका, खर्च व्यवस्थापन र निर्णयानुसार हुने गरी नगर प्रमुख भलिबल रनिङ शिल्ड प्रतियोगिता

कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिका वडास्तरीय भलिबल प्रतियोगिता र खुल्ला कराँते प्रतियोगिताका साथै खुल्ला ब्याडमिन्टन प्रतियोगिता संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२.१३** : मेलम्ची नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका नयाँ सडक ट्रयाक निर्माणका लागि प्रविधिकबाट स्थलगत अध्ययन गरी सडक निर्माण गर्ने स्थान वन क्षेत्र भित्र नपर्ने, जग्गाधनीहरुबाट सडक निर्माणका लागि सहमति सहितको मुचुल्का, सडक निर्माण गर्ने स्थानमा वातावरणीय प्रभाव र जोखिम न्यून रहेको लगायतका विषयहरु उल्लेख गरी प्राविधिक प्रतिवेदन पेश भएको हुँदा प्राप्त भएको प्राविधिक प्रतिबेदन बमोजिम नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नयाँ सडकको विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भाँगेको भिर च्यॉनडाँडा पिपलबोट सडक निर्माण | मेलम्ची न.पा. १ | |
| २ | ज्यामिरे चौर देखि रतचौर सडक निर्माण | मेलम्ची न.पा. ७ | |
| ३ | ब्लासैबाट डरकले हुँदै सुंगुरे सडक निर्माण | मेलम्ची न.पा. ७ | |
| ४ | पख्रेनटोल देखि डाँडाखेत सडक निर्माण | मेलम्ची न.पा. ७ | |
| ५ | डाँडाथोक काउले दोभान मोटरबाटो निर्माण | मेलम्ची न.पा. ३ | |
| ६ | देउराली भञ्ज्याङ सल्लेघारी सडक निर्माण | मेलम्ची न.पा. ९ | |

**निर्णय नं. ७२.१४** : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा सम्पादन भएका कार्यहरुको सूचकगत रुपमा प्राप्त भएको देहाय बमोजिमको अङ्क पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विषय क्षेत्र | कूल अङ्क भार | प्राप्त अङ्क |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | ४० | ३३.३ |
| २ | सामाजिक विकास | २० | १२.१ |
| ३ | आर्थिक विकास | २० | ११.६ |
| ४ | पूर्वाधार | १० | ९.१ |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १० | ५.६ |
| | कूल जम्मा | १०० | ७१.७ |

**निर्णय नं. ७२.१५** : कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च.नं. यो.ब.का./५१८ मिति २०८२/१२/१७ को पत्रबाट प्रत्येक पालिकामा साप्ताहिक कृषि हाटबजार संचालन गर्न स्थानीय तहलाई सहजीकरण गर्ने विषय कार्यान्वयन सम्बन्धमा नेपालको ग्रामीण कृषि मूल्य श्रृंखला तथा बजार प्रणालीको प्रमुख अङ्गको रुपमा रहेको कृषि हाटबजारलाई साप्ताहिक रुपमा नियमित संचालन हुन आवश्यक व्यवस्थाका लागि स्थनीय तहमा रहेका कृषि हाटबजारको हालको अवस्था, थप पूर्वाधार निर्माण गर्नुपर्ने आवश्कता एवं संभाव्यता सम्बन्धमा विवरण पेश गर्नको लागि लेखी आएको हुँदा यस मेलम्ची नगरपालिकामा हाटबजार संचालनका लागि देहाय बमोजिमको विवरण उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | हाल स्थानीय तहमा रहेका कृषि हाटबजारको संख्या | नभएको |
| २ | कृषि हाटबजार संचालन हुने दिन/बार | नभएको |
| ३ | हालको कृषि हाटबजारमा कृषि पूर्वाधारको अवस्था (स्टल संख्या र अन्य पूर्वाधारको अवस्था) | नभएको |
| ४ | नयाँ कृषि हाटबजार संचालन गर्न आवश्यक भएमा के कति वटा कृषि हाटबजार निर्माण/संचालन आवश्यक रहेको | १ वटा |
| ५ | कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्धता भएको/नभएको र उपलब्ध हुने जग्गाको स्वामित्व/लालपूर्जाको अवस्था | सार्वजनिक जग्गा उपलब्ध रहेको |
| ६ | कृषि हाटबजार निर्माणका लागि जग्गा उपलब्ध भएमा उपलब्ध हुने जग्गाको क्षेत्रफल /रोपनी | ३ रोपनी |
| ७ | कृषि हाटबजार स्थापना हुने स्थलमा विद्युत, सडक, यातायातो आधारभूत सेवा सुविधाको अवस्था रहेको/नरहेको | रहेको |
| ८ | कृषि हाटबजार पूर्वाधार निर्माणका लागि आवश्यक आवश्यक अनुमानित लागत | १ करोड |
| ९ | कृषि हाटबजार निर्माणका लागि आवश्यक कूल लागतमा स्थानीय तहबाट ५० प्रतिशत लागत साझेदारी हुने सूनिश्चितता रहेको/नरहेको | रहेको |

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिका बैठकमा मिति २०८२-१२-१८ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम (कन्टेनजेन्सी सहित) | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | तौथलि टोल बस्ति संरक्षण | ७,००,००० | ७२,४९८.८३ | ७ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,ग्याविन वाल निर्माण कार्य भएको। |
| २ | राम्चे डाँडा खाल्डे खोला सडक मर्मत | ९,०९,११२.१९ | ९००,९५७.१३ | ९ | प्राविधिक विल अनुसार | सोझौ खरिद | विभिन्न स्थानमा पहिरो पन्छाई सडक सरसफाई,ग्राभेल र नाली खन्ने कार्य भएको। |
| ३ | तिवारी मानेटोल कुवा मर्मत कार्य | २,००,०००.०० | २०,०००.०० | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वालमा प्लास्टर गरि कुवा निर्माण कार्य भएको। |
| ४ | नाम्डोलिङ महाकालि सिडि निर्माण | ५,००,०००.०० | ५०,०००.०० | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | नाली बनाई सिडी निर्माण र मेशनरी वाल निर्माण कार्य भएको। |
| ५ | ठाँटी ठुलोखेत सिंचाई कुलो स्तरोन्नति कार्य (क्रसर प्रभावित) | ४,००,०००.०० | ४०,०००.०० | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल तथा आर.सि.सि कुलो निर्माण कार्य भएको। |
| ६ | सिन्धुखोला पानी घट्ट मर्मत | २,००,०००.०० | २०,०००.०० | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ब्लकको वाल लगाई पानी घट्ट घर निर्माण कार्य भएको। |
| ७ | गणेशथान लाटो देउता सिंचाई कुलो स्तरोन्नती कार्य | ४,००,०००.०० | ४०,०००.०० | १२ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल तथा आर.सि.सि कुलो निर्माण कार्य भएको । |
| ८ | अम्बोटे सिंचाई तथा पहिरो नियन्त्रण | १०,००,०००.०० | १००,०००.०० | १ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ग्याविन वाल,मेशनरी वाल लगाई आर.सि.सि.कुलो निर्माण कार्य भएको । |
| ९ | टार सिंचाई कुलो मर्मत | ५,००,०००.०० | ५०,०००.०० | ६ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र आर.सि.सि कुलो निर्माण कार्य भएको। |
| १० | सञ्जेलटार सिडी निर्माण | ४,००,०००.०० | ४०,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सि.सि.गरी सिडी र मेशनरी वाल निर्माण कार्य भएको । |
| ११ | गोल्माथानबाट बाउनटोल जाने बाटो | १,००,०००.०० | १०,०००.०० | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र गोरेटो बाटो निर्माण कार्य भएको। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | मड्किनी काँडेदेवी सडक मर्मत | ९,००,०००.०० | ९०,०००.०० | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | कटिङ, मेशनरी वाल, ग्याविन वाल र ह्युमपाईप हाल्ने कार्य भएको। |
| १३ | पिप्ले फाँट सिंचाई योजना निर्माण | १,००,०००.०० | १००१९.६७ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल लगाई कुलो निर्माण कार्य भएको। |
| १४ | जलेश्वरी आ वि घेराबार संरक्षण कार्य | ९७००५.०० | प्राविधिक विल अनुसार | १ | प्राविधिक विल अनुसार | सोझौ खरिद | कालो फलामे पाईप जडान गरी घेराबार लगाउने कार्य भएको। |
| १५ | दंगालथोक लप्सीखोला नेपाने सडक स्तरोन्नती | १५०००००.०० | प्राविधिक विल अनुसार | १३ | प्राविधिक विल अनुसार | ठेक्का | आर.सि.सि. ढलान, प्लम नाली र क्याचपिट सहित ह्युमपाईप कल्भर्ट निर्माण कार्य। |
| १६ | शिखरपुर सिडी निर्माण | ४,००,०००.०० | ४०,०००.०० | १० | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | सोलिङ पि.सी.सी गरी सिडि निर्माण र मेशनरी वाल निर्माण कार्य भएको। |
| १७ | Uprading Works of Adherikhola Deurali Sadak. | १४९९२३१.०० | प्राविधिक विल अनुसार | ५ | प्राविधिक विल अनुसार | ठेक्का | माटो काटेर रोड चौडा गर्ने र रोडको ग्रेड मिलाउने, प्लम वाल, मशनरी वाल निर्माण कार्य भएको। |
| १८ | Uprading Works of Archalekhola Khahare Krishi Sadak. | १४९९६५८.९८ | प्राविधिक विल अनुसार | ५ | प्राविधिक विल अनुसार | ठेक्का | माटो काटेर रोड चौडा गर्ने र रोडको ग्रेड मिलाउने, प्लम वाल, मेशनरी वाल निर्माण कार्य भएको। |
| १९ | डाँडाकटेरी चिहानघाट निर्माण | ५,००,०००.०० | ५०,०००.०० | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | आ.सि.सी चिहान घाट निर्माण। |
| २० | बसेरी सिडी निर्माण | ७,००,०००.०० | ७०,०००.०० | ४ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | ढुङ्गाको वाल लगाई सिलिङ पि.सि.सि. गरी सिडि निर्माण कार्य भएको। |
| २१ | रक्तकाली आ वि संरक्षण कार्य | १०,००,०००.०० | १,००,००१.८५ | ९ | प्राविधिक विल अनुसार | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र व्याक फिलिङ कार्य भएको। |